# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं श्रावण ८ गते २०१३ साल

### अर्थमन्त्रालयको सूचना

फ. क्र. ११४–१५ २०१३।४।२।१

सदर उपत्यकांचलका सरकारिया अड्डाखानामा भारतीय कम्पनी रुपैयाँ र भारतीय नोट रुपैयाँ छुट्टा छुट्टै आमदानी खर्च गर्नै भै भारतीय नोट आमदानी हुने लेखिएकोमा कम्पनी बुझाएमा सयकडा २ दुइ बट्टा लिने र उपत्यकांचलबाट भारतीय कम्पनी कसैले निकाशी गरेमा सयकडा २ दुइका दरले महसूल लिने गरी आएकोमा हाल थोर बहुत मात्र भारतीय कम्पनी आमदानी हुन आउने र सरकारिया सबै आमदानी खर्च जम्मा हुने नेपाल राष्ट्र बैंकमा भारतीय नोट र कम्पनी रुपैयाँमा फरक नगरी एकै ठाउँमा जम्मा गर्ने भएकोले २०१३ साल श्रावण १ गतेदेखि उपरान्त सदरका अड्डाखानामा भारतीय



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नोटको कम्पनी बुझाएमा बट्टा नलाग्ने र भारतीय कम्पनी सदरबाट निकासी गरेमा पनि महसूल नलाग्ने गरी भारतीय नोट र भारतीय कम्पनीको समदर गरी बुझी लिने दिने गर्नें, तर श्रेस्तामा आमदानी खर्च गर्दा भने नोट रु था कं रु. जुन आमदानी खर्च भएको छ, सो शिक्का खुलाई आमदानी खर्च गरी बाँकीमा पनि भारतीय नोट यति, भारतीय कम्पनी यति भनी लेख्ने र खर्च गर्दा पनि सरकारिया काममा मालसामान विदेशबाट झिकाई ल्याउनुपर्ने र विदेशमा जाने मानिससाथ खर्चनिमित्त दिइने कलमकतिमा मात्र भारतीय नोट रुपैयाँ दिने, अरू किसिमको खर्चको हकमा मौज्दात भएसम्म भारतीय कंपनी रुपैयाँ दिने, सो नभएमा मात्र भारतीय नोट रुपैयाँ दिने गराउने ०१३।३।१।२ मा सरकारबाट निर्णय भै आएकोले यो सूचना प्रकाश गरिदिएको छ। सरकारिया गैह्र अड्डाले सोबमोजिम गर्नु गर्न लाउनुहोला।

आज्ञाले—

नीरराज,

सेक्रेटरी— अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

१२८